कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

# स्वास्थ्य सेवा कार्यालय, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

## सेवा करारमा लिने सम्बन्धि सूचना।

(प्रथम पटक प्रकाशित मिति: २०८०/११/२३)

स्वास्थ्य सेवा कार्यालय जाजरकोटको अस्पताल व्यवस्थापन र आँखा सेवा बिस्तार तथा व्यवस्थापनको लागि देहायका पदमा सेवा करार पदपूर्ति गर्नुपर्ने भएकोले उल्लेखित पदमा योग्यता पुगेका नेपाली नागरिकहरुलाई सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. पद सम्वन्धि विवरण:

| विज्ञापन नं. | पद | सेवा | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ०१/२०८०/०८१ | Hospital Management Officer(अस्पताल व्यवस्थापन अधिकृत) | स्वास्थ्य | सातौं | १(एक) | |
| ०२/२०८०/०८१ | Ophthalmic Assistant(नेत्र सहायक) | स्वास्थ्य | पाँचौं | १ (एक) | |

२. उम्मेदवारको योग्यता:

क. नेपाली नागरिक हुनुपर्ने।

ख. न्यूनतम शैक्षिक योग्यता: माथि उल्लेखित पदहरुको उम्मेदवार हुन देहाय बमोजिम योग्यता पुरा गरेको हुनुपर्नेछ।

- अस्पताल व्यवस्थापन अधिकृत पदका लागि मान्यता शिक्षण संस्था वा विश्वविद्यालयबाट स्नातक तहको Bachelor in Health Care Management (BHCM) वा सो सरह उपाधि प्राप्त।
- नेत्र सहायक पदका लागि मान्यता प्राप्त शिक्षण संस्था बाट Diploma in Ophthalmic Science उपाधि प्राप्त।

ग. उमेरको हद: अस्पताल व्यवस्थापन अधिकृत पदको हकमा पुरुषको हकमा २१ वर्ष पुरा भई ३५वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष उमेर ननाघेको र नेत्र सहायक पदको पुरुषको हकमा १८ बर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

घ. प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्नेछ।

३. **दरखास्त दिने विधि:** योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस कार्यालयमा दरखास्त फारम भरेको सक्कलै फाईल पेश गर्नुपर्नेछ। अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ। दरखास्त फारम यस कार्यालयको वेबसाइट hsojajarkot.karnali.gov.np बाट प्राप्त गर्न सकिनेछ।

४. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** तोकिएको दरखास्त फारम सहित व्यक्तिगत विवरण, एस. एल. सी. वा एस. इ. ई. देखी न्यूनतम शैक्षिक योग्यता सम्मका प्रमाणित प्रतिलिपीहरु, अनुभवको प्रमाणित प्रतिलिपि, नेपाली नागरिताको प्रमाणपत्र प्रतिलिपी पेश गर्नुपर्नेछ।

५. **छनोट प्रक्रिया:** संक्षिप्त सूचि प्रकाशन र अन्तरवार्ता हुनेछ।

६. **तलब स्केल:** प्रचलित कानून बमोजिम तोकिएको तलब स्केलको सुरु तलब स्केल बमोजिम हुनेछ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

# स्वास्थ्य सेवा कार्यालय, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

७. सेवा करार अवधि: प्रथम पटकको लागि २०८१ आषाढ मसान्त सम्मको लागि हुनेछ यदि कार्यक्रम निरन्तरता भएमा कार्यसम्पादन मूल्याङ्कनको आधारमा सेवा करार अवधि थप हुनेछ।
८. म्याद नाघि आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिइने छैन।
९. दरखास्त फारम बुझाउँदा दरखास्त बापत अस्पताल व्यवस्थापन अधिकृत पदका लागि रु १२००/-(एक हजार दुई सय) र नेत्र सहायकका लागि रु ७००/-(सात सय) शुल्क लाग्नेछ।
१०. यो सूचना यस कार्यालयको वेवसाइट **hsojajarkot.karnali.gov.np** मा समेत हेर्न सकिनेछ।

प्रतिक्षा भारती
नि. कार्यालय प्रमुख